नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश
Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province

च.नं. १३१।०७८।०७९ मिति: २०७९/०१/१६

**श्री सदस्य महानुभावहरु,**
**नेउवामहासंघ ।**

बिषय: **नेउवामहासंघ बागमती प्रदेशको पाँचौं प्रदेश सभा सम्वन्धमा ।**

महोदय,

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको कार्यकारिणी समितिको मिति २०७९।०१।१२ गते बसेको सातौं बैठकको निर्णयानुसार यस प्रदेशको पाँचौं प्रदेश सभा देहायको मिति, समय र स्थानमा हुन गईरहेको व्यहोरा सूचित गर्दै प्रदेश सभामा छलफल हुने विषय सूचि निम्न अनुसारको रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

१. **पाँचौं प्रदेश सभा हुने मिति, समय र स्थान** :

**मिति :** २०७९ साल जेठ २० गते शुक्रवार
**समय:** विहान १०:०० बजे देखि दिउँसो ०३:३० बजे सम्म
**स्थान :** हेटौंडा ।

२. **पाँचौं प्रदेश सभाको कार्यक्रम तथा छलफलको विषय सूची :**

**(क) प्रदेश सभाको उद्घाटन सत्र ।**
(अ) रजिष्ट्रेशन तथा जलपान : विहान १०:०० वजेदेखि ११:०० वजेसम्म ।
(आ) उद्घाटन समारोह : विहान ११:०० वजेदेखि दिउँसो १:०० वजेसम्म ।
(इ) दिवाभोज : दिउँसो १:०० वजेदेखि २:०० वजेसम्म ।

**(ख) प्रदेश सभाको बन्द सत्र । (दिउँसो २:०० वजेदेखि ४:०० सम्म)**
(अ) नेउवामहासंघ बागमती प्रदेशका अध्यक्षज्यूबाट स्वागत मन्तव्य ।
(आ) प्रदेश सभामा सहभागी हुनु हुनेहरुको कोरमबारे जानकारी ।
(इ) नेउवामहासंघ बागमती प्रदेशको प्रतिवेदनको प्रस्तुति एवम् अनुमोदन ।
(ई) कोषाध्यक्षज्यूबाट आ.व. २०७७/७८ आय व्यय विवरण प्रस्तुत तथा अनुमोदन ।
(उ) लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने ।
(ऊ) पाँचौं प्रदेश सभामा विचारार्थ प्रस्तुत प्रस्तावहरूको छलफल तथा निर्णय ।
(ए) पाँचौं प्रदेश सभाको माइन्यूटमा दस्तखतको लागि सहभागीहरुको तर्फबाट १ जना व्यक्तिको छनौट ।
(ऐ) समापन ।

चेम्बर मार्ग, हेटौंडा-२
मकवानपुर
फोन : ०५७-५२१२६०
इमेल : fnccibagmatiprovince@gmail.com

काठमाडौं सम्पर्क:
९८५१०२०९०३
९८५१०३२७१०
९८५१०६४६११

STOP Child Labour

३. **पाँचौं प्रदेश सभामा प्रतिनिधित्व** :

प्रदेश उद्योग वाणिज्य महासंघको गठन तथा सञ्चालन सम्बन्धी नियमावली, २०७३ प्रथम संशोधन (मिति २०७७।९।२६) १९.३ अनुसार प्रतिनिधिमण्डलको प्रमुख वा मुख्य प्रतिनिधिको रुपमा सदस्य संस्थाको अध्यक्ष रहनु पर्नेछ । कुनै कारणले अध्यक्ष उपस्थित हुन नसक्ने भएमा कार्यकारिणी समितिले आफू मध्येबाट छानेको व्यक्तिले मुख्य प्रतिनिधिको रुपमा प्रतिनिधिमण्डलको नेतृत्व गर्नेछ । एशोसियट सदस्यको हकमा संचालक समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्य, कार्यकारी संचालक, कार्यकारी प्रमुख, महाप्रबन्धक वा नायब महाप्रबन्धक तह सम्मको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिाानिधिको रुपमा मनोनयन गरी पठाउनु पर्नेछ । साथै निर्णयको प्रमाणित प्रतिलिपि समेत प्रतिनिधिपत्र साथ संलग्न गर्नुपर्नेछ । प्रतिनिधि मण्डल पठाउँदा तत्काल कायम रहेका कार्यसमितिको गठन निर्णय विवरण तथा पदाधिकारीहरुको नामावली समेत पठाउनु पर्नेछ ।

○ द्रष्टव्य: उपरोक्त बमोजिम मुख्य प्रतिनिधि नियुक्त गर्दा तल्लो तहको पदाधिकारीलाई मुख्य प्रतिनिधि नियुक्त गरिएमा सो प्रतिनिधिमण्डलमा सो मुख्य प्रतिनिधि भन्दा माथिल्लो दर्जाको पदाधिकारीले भाग लिन पाउने छैन ।

४. **प्रतिनिधि संख्या** :

पाँचौं प्रदेश सभामा निम्न संघ/संस्थाबाट निम्न संख्यामा प्रतिनिधिमण्डल पठाउन सकिनेछ :

- जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरुले मुख्य प्रतिनिधि सहित – २ जना (१ मुख्य प्रतिनिधि र १ अतिरिक्त प्रतिनिधि)
- वस्तुगत संघहरुले मुख्य प्रतिनिधि सहित – २ जना (१ मुख्य प्रतिनिधि र १ अतिरिक्त प्रतिनिधि)
- एशोसिएट सदस्यले मुख्य प्रतिनिधि – १ जना

५. **प्रतिनिधि शुल्क:**

प्रदेश वार्षिक सभामा भाग लिने प्रतिनिधिको लागि प्रतिनिधि शुल्क बापत प्रति व्यक्ति रु. ३,०००.०० (अक्षरेपी तीन हजार रुपैयां) प्रतिनिधि शुल्क लाग्नेछ । तर एकै व्यक्तिले एक भन्दा बढी संघ/संस्थाको प्रतिनिधित्व गर्दै रजिष्ट्रेशन गरेमा दोस्रो रजिष्ट्रेशन वापत प्रतिनिधि शुल्क रु. १,०००.०० (अक्षरेपी एक हजार मात्र) मात्र लाग्नेछ ।

संघ नविकरण एवं सहभागी शुल्क बागमती प्रदेशको सिद्धार्थ बैंक लि, त्रिपुरेश्वर, काठमाडौंको FNCCI Province 3 खाता नं **०० ६१५१ ० ५६५१** मा रकम जम्मा गर्नु भई सोको भौचरको प्रतिलिपि यस प्रदेश सचिवालयमा fnccibagmatiprovince@gmail.com मार्फत उपलब्ध गराई दिनुहुन अनुरोध छ । साथै बैंक भौचरमा आफ्नो संस्थाको नाम अनिवार्य जनाईदिनु हुन पनि अनुरोध छ ।

६. **नेउवामहासंघ बागमती प्रदेशको वार्षिक सदस्यता शुल्क, प्रतिनिधि शुल्क र प्रतिनिधिपत्र बुझाउने समयः**

सदस्यहरुले आ.व. २०७८।७९ सम्मको नेउवामहासंघ बागमती प्रदेशको वार्षिक सदस्यता शुल्क, प्रतिनिधि शुल्क र प्रतिनिधिपत्र २०७९ साल जेठ १६ गते साँझ ५:०० बजेभित्र नेउवामहासंघ बागमती प्रदेशको सचिवालयमा बुझाई सकेको हुनु पर्नेछ ।

साधारण सभामा भाग लिने मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधिको फोटो सहितको परिचय पत्र बनाइने हुँदा प्रतिनिधिपत्र पठाउँदा मुख्य प्रतिनिधि तथा अतिरिक्त प्रतिनिधिको फोटो सहित राखी पठाउनु हुन अनुरोध छ । सदस्यहरुले प्रतिनिधि मण्डल पठाउँदा तत्काल कायम रहेका कार्यसमिति वा संचालक समिति गठन निर्णय तथा पदाधिकारीहरुको नामावलीहरु पठाउनु पर्नेछ ।

७. **प्रस्ताव पठाउने सम्वन्धमा :**

नेउवामहासंघ बागमती प्रदेशको पाँचौं प्रदेश सभामा विचारार्थ पेश गर्नुपर्ने प्रस्तावहरु भएमा प्रदेशको सचिवालयमा २०७९ साल जेठ १६ गते भित्र आईपुग्ने गरी पठाउनु हुन अनुरोध छ ।

यस नेउवामहासंघ बागमती प्रदेशको पाँचौं वार्षिक प्रदेश सभामा समुद्घाटन कार्यक्रमका साथै वन्द सत्रको कार्य हुने भएको जानकारी गराउँदै पाँचौं प्रदेश सभामा भाग लिने संघ/संस्थाहरुले उपरोक्त अनुसांरको व्यवस्थासहित उल्लेखित समयभित्र नै प्रतिनिधिपत्र, प्रतिनिधि शुल्क, वार्षिक सदस्यता शुल्क पठाउनु भई नेउवामहासंघ बागमती प्रदेशको पाँचौं प्रदेश सभामा सहभागी हुने व्यवस्थाका लागि हार्दिक अनुरोध गर्दछु ।

**संलग्नः**

१. सभामा प्रस्तुत हुने वार्षिक प्रतिवेदन । (ईमेलबाट पठाईने)
२. आ.व. २०७७/७८ को आय व्यय विवरण । (ईमेलबाट पठाईने)
३. प्रतिनिधि पत्र थान १ (एक) । (ईमेलबाट पनि पठाईने)

भवदीय,

**बोधार्थः**

**श्री अध्यक्षज्यू, नेउवामहासंघ बागमती प्रदेश ।**
**श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ बागमती प्रदेश ।**
**श्री उपाध्यक्षज्यूहरु, नेउवामहासंघ बागमती प्रदेश ।**
**श्री कोषाध्यक्षज्यू, नेउवामहासंघ बागमती प्रदेश ।**

.................................
**विवेक मानन्धर**
**कार्यकारी निर्देशक**